# बैठक नं: ८०

आज मिति २०७८ भाद्र 23 गते यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. राम प्रसाद शर्मा. नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. डिपलाल श्रेष्ठ शाखा अधिकृत आठौं तह. प्रशासन तथा योजना शाखा
३. विनोद अर्याल लेखा अधिकृत, आर्थिक प्रशासन शाखा
४. राम कुमार श्रेष्ठ. जन स्वास्थ्य अधिकृत स्वास्थ्य शाखा.
५. विपा पौडेल, पोषण स्वयंसेवक, देवचुली नगरपालिका
६. भुपाल लामिछाने स्वकीय सचिव (नगर प्रमुख) देवचुली न.पा.
७. कृष्णहरी सापकोटा, सूचना प्रविधि अधिकृत
८ शिव सापकोटा अधिकृत छैठौं आर्थिक विकास शाखा

## मिति २०७८।५।२३ गतेको ८० औं नगर कार्यपालिकाको वैठकमा प्रस्तुत छलफलका विषय

१, गत कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा सम्वन्धमा ।

२, पशुसेवा ज्ञान केन्द्रसंग समन्वय गरी पशुहरुमा लाग्ने विभिन्न किसिमका रोगहरु विरुद्धको भ्याक्सीन उपयोग गर्ने सम्वन्धमा ।

३, जनज्योति मा.वि.को विज्ञान संकायको कक्षा ११ को स्वीकृति लिइसकेकोले सो को अनुमोदन गर्ने सम्वन्धमा ।

४, इलाका प्रहरी कार्यालयलाइ बार्षिक इन्धन उपलव्ध गराउने सम्वन्धमा ।

५, वडा नं १ को आशिष हजामको क्षति भएको घरको स्थानान्तरण तथा पुन निर्माण सम्वन्धमा
.

६, स्थानीय तह संस्थागत क्षमता मुल्यांकन (LISA) सम्वन्धमा

७, विद्यालयका कर्मचारी तथा इसिडि शिक्षकहरुलाइ मासिक तलव स्केल कायम गर्ने सम्वन्धमा ।

२०७८।५।२४
पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

मिति २०७८।५।२३ गतेको ८० औं नगर कार्यपालिकाको बैठकमा छलफलभई निर्णय भएका विषय

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०७८।४।१० को नगर कार्यपालिकाबाट भएका निर्णयहरुको सम्बन्धमा समीक्षा गरियो । यस अघि भएका निर्णयहरु मध्ये तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने विषयहरु कार्यान्वयनमा आएको देखियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा पशुसेवा ज्ञान केन्द्रको सहकार्यमा यस नगरपालिका क्षेत्रका पशुपालक कृषकहरुले पालनपोषण गरेका पशु चौपायहरुमा लाग्ने विभिन्न किसिमका रोगहरु विरुद्धको भ्याक्सिन उपलब्ध गराउनका लागि आवश्यक सहयोग उपलब्ध गराउन पशुसेवा ज्ञान केन्द्र कावासोतीमा आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १५ मा रहेको जनज्योति मा.वि.ले उच्च माध्यामिक शिक्षा परिषदबाट मिति २०५४।२।१४ मा सम्वन्धन प्राप्त गरी तत्कालिन जि.शि.कार्यालय नवलपरासीबाट अनुदान व्यवस्थापन भएकोमा मा.वि. स्तरको कक्षा संचालन सम्वन्धी क्षेत्राधिकार स्थानीय तहलाइ भएकोले विज्ञान संकायको कक्षा ११ को अनुमती प्राप्त गरि पठन पाठन संचालन गरीसकेकोले उक्त विद्यालयको विज्ञान संकायको कक्षा ११ लाई अनुमोदन गरी नियमानुसार शिक्षकको तलव पारिश्रमिक रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय रजहरलाई नगर क्षेत्रका नगरवासीहरुको सुरक्षा गस्ती प्रयोजनका लागि सरकारी पिकअप उपलव्ध भएको र इलाका प्रहरी कार्यालयमा हाल इन्धन उपलव्धहुने अवस्था नभएकोले इन्धन उपलव्ध गराइदिनका लागि यस कार्यालयमा अनुरोध गरेकोमा नगरवासीहरुको सुरक्षा व्यवस्थाका लागि प्रयोग हुने उक्त सवारी साधन समेतलाइ इलाका प्रहरी कार्यालय रहजहरलाइ इन्धन प्रयोजनका लागि सम्वन्धित शीर्षकबाट रकम नपुग भएमा आन्तरिक आम्दानीबाट कुल वार्षिक १ लाख रुपैया बरावरको इन्धन उपलव्ध गराउने निर्णय गरियो ।

मोहित सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

## निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस वर्षको अविरल वर्षादको कारण देवचुली न.पा. वडा नं. १ निवासी आशिष हजामको मुकुन्डेखोला नजिक निजी आवादी जग्गामा बनेको टिनको छाना भएको घर खोलाले कटान गरेको कारण पूर्णरुपले क्षति हुन गएकोले निजलाइ तत्काल वसोवासको लागि वडा नं. २ स्थित पुनर्वास कम्पनीले उपलब्ध गराएको जग्गामा अस्थायी प्रकृतिको घर निर्माण गर्दा लागेको लागत इष्टिमेट अनुसार प्रकोप व्यवस्थापन कोष शीर्षकबाट व्ययभार हुने गरी १ लाख ९० हजार रुपैयाको रकम नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

यस वर्षको निरन्तर वर्षादको कारण आंशिक वा पूर्ण रुपले क्षति भई तत्काल मर्मत गर्नुपर्ने वा पुनः निर्माण गर्नुपर्ने अवस्थाका अन्य अति विपन्न, विपन्न दलित समुदायका नगरवासीहरुको घर तत्काल मर्मत तथा पुन निर्माणका लागि सम्वन्धित वडा कार्यालयको सिफारिसमा प्रकोप व्यवस्थापन कोष शीर्षकबाट बढीमा २० हजार रुपैयासम्म उपलब्ध गराउने गरी नगर प्रमुख ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) सम्वन्धी विषयमा नगर कार्यापालिकामा छलफल हुंदा यस नगरपालिकाबाट सम्पादन हुन वांकी रहेका विषयलाई प्रभावकारी रुपले कार्यान्वयन गरी स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यमा नपुग देखिएका गतिविधिहरु यथासम्भव पूरा गर्न नगर कार्यपालिका, विषयगत शाखा र वडा कार्यलयहरु समेतले सक्रिय रुपमा योगदान दिइ अन्य निकाय समेतसंग समन्वय गर्ने निर्णय गरियो

## निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा नेपाल सरकारले ECD कक्षा संचालनमा खटिएका शिक्षकहरुलाइ स्थानीय तहसंगको समन्वयमा तालुक निकायले उपलब्ध गराएको रकममा नपुग रकम स्थानीय तहबाट थप गरी न्यूनतम मासिक रु, १५,०००।- पारिश्रमिक उपलब्ध गराउने भनी आ.व. २०७८/०७९ को बजेट बक्तव्यमा घोषणा गरे अनुसार यस नगरक्षेत्रमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुलाइ तपसिल अनुसारको मासिक पारिश्रमिक/तलव स्केल कायम गरी चालु आ.व. २०७८/०७९ देखि नै पारिश्रमिक/तलव रकम उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| ECD शिक्षक | रु, १५,०००।- |
| विद्यालय लेखापाल | रु, १८,५००।- |
| परिचर मा.वि./आधारभूत तह | रु, १४,५००।- |
| परिचर प्रा.वि. तह | रु, ११,५००।- |

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner